# कल्याणकारी योजना निर्देशनालय

## बलाध्यक्ष विभाग

## जंगी अड्डा

## प्रधान सेनापति छात्रबृत्ति सम्बन्धी सूचना

१. सैनिक कल्याणकारी कोष अन्तरगत संचालित विविध कार्यक्रमहरु मध्ये शैक्षिक सत्र २०७६ को प्रधान सेनापति छात्रबृत्ति प्रदान गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. छात्रबृत्ति विवरणः

(क) छात्रबृत्ति रकमः प्रति विद्यार्थी बार्षिक एकमुष्ठ रु. २००००।- (बीसहजार)

(ख) छात्रबृत्ति पाउने विद्यार्थीः जंगी कारवाहीमा वीरगती प्राप्त तथा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका सैनिकका ६ वर्ष देखि १८ वर्षसम्मका छोरा छोरीहरु सैनिक आवासिय महाविद्यालयहरु बाहेक अन्यत्र अध्ययन गर्ने २ जना छोरा छोरीलाई आ.ब. ०७५/७६ देखि वार्षिक रु. २००००।- का दरले (२ जनाले मात्र)

(ग) अध्ययनरत कक्षा : १ देखि

(घ) विद्यार्थीहरुको उमेरः ६ वर्ष देखि १८ वर्ष (न) ननाघेको हुनुपर्ने ।

३. छात्रबृत्ति पाउन योग्य विद्यार्थीहरुको विवरणः

(क) नेपाली सेनाका जंगी कारवाहीमा वीरगति तथा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका सैनिकका सहोदर छोरा/छोरी हुनुपर्ने ।

(ख) हिताधिकारीहरुको २ जना सन्तती छोरा/छोरीले मात्र छात्रबृत्ति प्राप्त गर्ने ।

(ग) निवेदन पेश गरेको वर्ष भन्दा अघिल्लो वर्षको वार्षिक परीक्षामा सरकारी सामुदायिक तथा संस्थागत निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको उत्तीर्ण भएको लब्धाङ्क पत्रको प्रतिलिपि ।

(घ) नेपाल सरकारबाट मान्यता प्राप्त विद्यालय तथा महाविद्यालय (कलेज) हरुमा अध्ययनरत हुनुपर्ने ।

४. छात्रबृत्ति पाउन योग्य नहुने विद्यार्थीहरुको विवरणः

(क) कल्याणकारी कोषको व्ययभारमा सञ्चालित महाविद्यालय/बिद्यालयहरु (नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान अन्तर्गत सञ्चालित महाविद्यालयहरु समेत) मा अध्ययनरत विद्यार्थीहरु ।

(ख) यदि उक्त महाविद्यालय/विद्यालयहरुमा (पूर्ण वा आंशिक सहुलियत शुल्कमा बाहेक) सःशुल्क अध्ययनरत वा गैरसैनिक तर्फको कोटामा अध्ययनरत विद्यार्थी भए सम्बन्धितबाट दिएको शिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

(ग) हिताधिकारीहरुको सन्ततीले हाल संचालित Empanelled मा सम्झौता भएका शैक्षिक संस्थाहरुमा अध्ययनको सुबिधा नलिएको हुनुपर्ने ।

(घ) रितपूर्वकको कागजाद तथा तोकिएको समय भित्र निवेदन पेश नगर्ने विद्यार्थीहरु ।

५. <u>निवेदन साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु:</u>

(क) आमा र बच्चा दुवैको पेन्सन पट्टाको फोटोकपी प्रति १/१

(ख) मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि १

(ग) एकमात्र श्रीमती खुलेको गा.वि.स./ न.पा.को सिफारिस पत्र १

(घ) नाता प्रमाणित पत्रको प्रतिलिपि १

(ङ) बच्चाको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि १

(च) लब्धाङ्क प्रमाण पत्रको प्रतिलिपि १

(छ) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि १

(ज) उक्त छात्रबृत्ति यो भन्दा पहिला लिई रहेको हकमा हरियो पेन्सन पट्टाको अन्तिम पृष्ठमा उल्लेख भएको कल्याणकारी दर्ता नम्बर (फायल नम्बर) खुलाई पठाउनु पर्नेछ ।

६. <u>निवेदन दिने स्थान र मिति:</u>

(क) <u>मिति:</u> २०७७/०६/२० गते सम्म ।

(ख) <u>स्थान</u>: उपत्यका भित्र बसोबास गर्नेहरुको हकमा श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डा र उपत्यका बाहिर बसोबास गर्नेहरुको हकमा आफुलाई पायक पर्ने नेपाली सेनाको यूनिट/फर्मेशन ।

७. <u>अन्य जानकारी:</u>

(क) माथि उल्लेखित बुंदाहरु बमोजिम त्यस कार्यालय, विभाग, निर्देशनालय, पृतना, बाहिनी तथा युनिटहरुले प्राप्त हुन आएको निवेदनहरु उपर प्रारम्भिक छनौट गरी २०७७ साल असोज मसान्त सम्म कल्याणकारी योजना निर्देशनालयमा प्राप्त हुने गरी पठाउन हुन ।

८. कल्याणकारी योजना निर्देशनालयको लक्ष्य उपरोक्त छात्रबृत्ति सहि व्यक्तिहरुले पाई शैक्षिक अध्ययनको अवसर प्राप्त गराउने तथा यसको दायरा फराकिलो बनाउदै लैजाने रहेको हुंदा गलत नियतका निवेदकहरुलाई निरुत्साहित गर्न समयमा नै सम्बन्धितहरुलाई जानकारी गराई दिने व्यवस्था हुन ।

९. थप केही जानकारी लिनु परेमा श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डाको फोन नं. ०१-४२२५९४३ मा सम्पर्क राख्न सकिने छ । साथै, नेपाली सेनाको website www.nepalarmy.mil.np नेपाली बाट समेत जानकारी प्राप्त गर्न सकिने छ ।